गाउँपालिका अध्यक्ष श्री ऋषिकेशव बुढामगरले वर्षे अधिवेशनमा प्रस्तुत गर्नुभएको

थवाङ गाउँपालिकाको

आ.व. २०८१/०८२ को

# नीति तथा कार्यक्रम

थवाङ गाउँपालिका

२०८१ असार ०९

थवाङ गाउँपालिकाको कार्यालय
थवाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

गाउसभाका सदस्यहरू,

१. थबाङ गाउँपालिकाको अध्यक्षको रूपमा तेश्रो पटक पालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म आफूलाई गौरवानुभूति महसुस गरेको छु । यस अवसरमा राष्ट्र र जनताको बृहत्तर हित र कल्याणका लागि आफ्नो ज्यानको आहुति दिने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न राजनीतिक परिवर्तन तथा सामाजिक साँस्कृतिक रूपान्तरणको कालखण्डमा नेतृत्व प्रदान गर्ने राजनीतिक दल तथा नेपाली जनताप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

२. २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिले कार्यभार सम्हालेको दुई वर्ष पूरा भएको छ । जनताको बृहत्तर हितका लागि स्थापित मूल्य र मान्यता तथा जन आकांक्षाको परिपूर्तिको दिशामा विगत दुई वर्षमा गरिएको प्रयत्न र प्रयासले जीवनस्तरमा सकारात्मक सुधार देखिदै गएको अनुभुति भएको छ ।

सभाका सदस्यहरू,

३. दोश्रो पटक स्थानीय तहको निर्वाचन हुदै गर्दा हामीले व्यक्त गरेका प्रतिबद्धताहरू स्रोत र साधनको आनुपातिक उपलब्धताको आधारमा स्थानीय सरकारले क्रमश पूरा गर्दै लगेको छ । यस अवधिमा सुधारका कदमहरूले क्रमश गति लिदै गएको छ ।

४. स्वच्छ र प्रतिस्पर्धात्मक कार्य प्रणालीको अबलम्बनले पालिकाको लोकतान्त्रिक मूल्य र मान्यताहरू संस्थागत हुँदै गएको छ । पालिकाको दुरदृष्टि लागु गर्ने सन्दर्भमा सम्पूर्ण राजनीतिक दल लगायत सरोकारवालाहरूको साथ र सहयोग प्राप्त भएको छ । पालिकाप्रति जनताको आशा र भरोसा बढ्दै गएको छ ।

५. पालिकाको आन्तरिक आयको दिगो वृद्धि र स्रोतहरूको खोजिमा प्रयासहरू भएको छ । पालिकालाई आत्मनिर्भर बनाउने दिशातिर पालिकाको सम्पूर्ण ध्यान केन्द्रित भएको छ, यसबाट बिस्तारै सुधारका संकेतहरू देखा परिरहेका छन् ।

६. सेवा प्रवाह, सुशासन, विकास निर्माण, अनुगमन तथा मूल्यांङ्कन लगायत सम्पूर्ण क्षेत्रमा सुधारका कामहरू सुरुवात भएको छ । सेवा प्रवाह, सूचना सम्प्रेषण, जन अभिमत लगायतका आयामहरूमा विद्युतीय कार्य प्रणाली अबलम्बन गर्दै लगिएको छ ।

७. पालिकाबाट जनतालाई प्रवाह गरिने सेवा सकेसम्म कम खर्चिलो, सर्व सुलभ, छिटो र सहज ढंगले उपलब्ध गराउने कार्य भैरहेको छ । निष्पक्ष तथा प्रतिस्पर्धात्मक प्रणालीलाई

ऋषिकेशव बुढा मगर
अध्यक्ष

अवलम्बन गरिएको छ । पारदर्शी तथा अनुमानयोग्य कार्य प्रणाली अनुशरण गरिएको छ । भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति अख्तियार गरिएको छ ।

८. वडा वडाबाट प्रवाह हुने पञ्जिकरण लगायतका कामहरू समयमै कम खर्चिलो ढंगले प्रदान भईरहेको छ । सम्पूर्ण सेवा प्रवाहका कामहरू विद्युतीय माध्यमबाट सञ्चालन गर्ने काम भईरहेको छ । स्वास्थ्य सेवालाई सर्वसुलभ तथा गुणस्तरीय ढंगले जनताको घरदैलोसम्म पुर्‍याउने काम भईरहेको छ । पालिकाबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरूको वस्तुनिष्ठ एवम सामाजिक समावेशीकरणको दृष्टिकोणबाट समेत अनुगमन तथा मूल्यांकन भईरहेको छ ।

९. भ्रष्टाचारको नियन्त्रणमा पालिकाका सम्पूर्ण निकायहरू एकैठाउँमा उभिएका छन् । पालिकाको सम्पूर्ण अवयवहरूमा उपलब्ध स्रोत र साधनको समन्यायिक वितरण मार्फत सामर्थ्य जुटाई अघि बढिरहेको छ । यसबाट समग्रमा राज्यले अंगिकार गरेको नीति तथा यसका दायित्वहरू पूरा गर्न सहयोग पुगेको छ ।

१०. पालिकाको विकास र समृद्धिको प्राप्तिका लागि पालिकाभित्र विद्यमान प्राकृतिक स्रोत साधन तथा उत्पादनमा अधिकतम जोड दिइएको छ । मानवीय स्रोत र साधनको अधिकतम परिचालन गरी गुणस्तरीय प्रतिफल प्राप्त गर्न विभिन्न क्षमता विकास कार्यक्रमहरू सञ्चालन भएका छन् ।

११. पालिकाभित्र सञ्चालन हुने योजना तथा कार्यक्रमहरूमा स्रोतको अधिकतम सदुपयोग भई उचित प्रतिफल प्राप्त होस भन्ने उद्देश्यले गरिने अनुगमन तथा मूल्यांकन कार्य वस्तुगत, विधिसम्मत र अन्तरसम्बन्धित विषयहरूका अवयवहरूको दृष्टिले समेत गर्ने गरिएको छ ।

१२. पालिकाभित्र जनताले सहज र सर्वसुलभ सेवा प्राप्तिका लागि संस्थागत क्षमताहरूको विकास तथा विस्तार गर्ने कार्य भईरहेको छ । वन, वातावरण तथा प्रकृतिको संरक्षणका लागि पालिकाबासीमा सचेतनाको अभिवृद्धि हुदै गईरहेको छ ।

१३. पालिकाभित्र उपलब्ध विभिन्न प्रकारका प्राकृतिक स्रोतहरू, भौगोलिक विविधता, प्रचुर पर्यटकीय सम्भावना, पालिकाबासीमा बढ्दै गएको सामूहिक एकता, दिगो र सुरक्षित पूर्वाधारहरूको उपलब्धता र सुशासनको संस्थागत विकास थबाङ गाउँपालिकाको विकास र समृद्धिको लागि अबसरको रूपमा रहेका छन् ।

१४. प्राकृतिक स्रोत, उत्पादन र उत्पादकत्वका सम्पूर्ण क्षेत्रलाई राजस्वको दायरामा ल्याउन नसक्नु, विकास, समृद्धि र सामाजिक सेवाभावका लागि समर्पण र त्यागको भावना

ऋषिकेशव बुढा मगर
अध्यक्ष

विकास गर्न नसक्नु, भौगोलिक बनावट अनुसार दिगो पूर्वाधारको विकास गर्न कठिनाइ हुनु, वन तथा वातावरणीय सचेतनाको विकास प्रचुर मात्रामा हुन नसक्नु तथा विकास, सुशासन र सेवा प्रवाहका लागि आवश्यक मानवीय जनशक्तिको उपलब्धता हुन नसक्नु थवाङ गाउँपालिकाका लागि चुनौतिका रूपमा देखिएका छन् ।

सभाका सदस्यहरु,

१५. दिर्घकालीन सोच तथा राष्ट्रिय योजना, लुम्बिनी प्रदेशको आवधिक योजना, सङ्घ, प्रदेश र स्थानीय तहको नीति, विषयगत रणनीति/गुरुयोजना, दिगो विकासका लक्ष्य, विपद जोखिम न्युनिकरण, जलवायु परिवर्तन अनुकुलन, वातावरणमैत्री तथा बालमैत्री स्थानीय शासन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण लगायतका विकासका अन्तरसम्बन्धित विषयहरू, नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्व, सङ्घ र प्रदेश सरकारले अबलम्बन गरेका आर्थिक तथा अन्य विषय क्षेत्रगत नीति, थवाङ गाउँपालिकाले अघि बढाएका नीति तथा कार्यक्रमको समिक्षा, प्राप्त उपलब्धि र कार्यान्वयनबाट हासिल अनुभव तथा थवाङ गाउँपालिकाको प्रथम आवधिक योजना, मध्यमकालिन खर्च संरचना एवम अन्य नीतिगत मार्गदर्शनको आधारमा थवाङ गाउँपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । प्रस्तुत नीति तथा कार्यक्रमले सुशासन, सामाजिक न्याय र थवाङ गाउँपालिकाको समृद्धिलाई केन्द्रमा राखेको छ ।

१६. सबल समृद्ध र न्यायपूर्ण पालिकाको निर्माण पालिकाको सर्वोपरी लक्ष्य हो । पालिकाको सम्पूर्ण अवयवहरूमा समावेशी प्रणाली संस्थागत गर्नु पालिकाको प्रमुख कार्यभार हो ।

१७. सार्वजनिक खर्चमा मितव्ययिता, पूँजीगत खर्च वृद्धि, गुणस्तरीय पूर्वाधार निर्माण, शासकीय व्यवस्था र सेवा प्रवाहमा सुधार, भ्रष्टाचार नियन्त्रण, उत्पादन र रोजगारी वृद्धि, आर्थिक सामाजिक विभेदको अन्त्य, गरिबी निवारण, समावेशी विकास पालिकाका प्रमुख नीतिगत प्राथमिकता हुनेछन् । पालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट यीनै प्राथमिकतामा परिलक्षित हुनेछन् ।

ऋषिकेशव बुढा मगर
अध्यक्ष

१८.	थवाङ गाउँपालिकाको प्रथम आवधिक योजना तथा मध्यमकालिन खर्च संरचना तथा वार्षिक वजेटबीच तादात्यता कायम गरी स्थानीय तहबाट प्रवाह हुने सेवाको न्युनतम मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याइनेछ ।

## आर्थिक विकासतर्फ

सभाका सदस्यहरु,

१९.	कृषि क्षेत्रको विकास र विस्तारका लागि कृषि क्षेत्रमा प्रवाह हुने अनुदान तथा सहायताको परिचालनमा समसामयिक सुधार गरिनेछ । कृषकहरूको उचित लागत सहभागितामा मात्र कृषि सम्बन्धि अनुदान कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय स्तरमा उत्पादन हुने कृषि उपजको संकलन तथा व्यवस्थापन गरी स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरण सम्बन्धी कार्यहरू गरिनेछ ।

२०.	खण्डिकृत कृषि कार्यलाई निरुत्साहित गरी एकिकृत कृषि खेतिलाई प्रोत्साहित गरिनेछ । प्रत्येक वडामा स्थापना गरिने एक वडा एक कृषि फर्मको अवधारणाको पून: मूल्यांकन गरिनेछ । स्याउ पकेट क्षेत्र, आलु पकेट क्षेत्र, मकै पकेट क्षेत्र, किवी पकेट क्षेत्र, टिमुर पकेट क्षेत्र लगायतका एकिकृत कृषि विकासमा हुने अनुदान लगानीलाई थप व्यवस्थित र नतिजामुखी बनाइनेछ । कृषकलाई कृषि सम्बन्धि ज्ञानको जानकारी र समसायिक विषयको पुनर्ताजगीका लागि कृषि सम्बन्धी तालिमको व्यवस्था तथा अध्ययन अवलोकन भ्रमणको कार्यलाई प्राथमिकता दिइनेछ ।

२१.	थवाङको मान्यता: कृषिमा सहायता भन्ने नारासहित पालिकाभित्रका कृषक कृषक समूह लगायत कृषिसंग जोडिएका अन्य वर्गलाई कृषिमा आयआर्जनमाको खोजि सम्बन्धि विभिन्न तालिम तथा सहायता उपलब्ध गराइने छ ।

२२.	पालिकाभित्रको हावापानी सुहाउँदो स्याउ लगायतका फलफुल र तरकारीमा वालीमा आलु खेती लगाय़तलाई विशेष जोड दिई प्रवर्द्धन र विस्तार गरिनेछ । आलुको थप उच्च तथा गुणस्तरीय उत्पादनका लागि किसानलाई तालिमको व्यवस्था गरिनेछ ।

२३.	गाँजा लगायतका अन्य जडिबुटिजन्य उत्पादनहरुको प्रवर्द्धनका लागि नेपाल सरकारले अवलम्वन गरेको नीति तथा कार्यक्रम बमोजिम गाउँपालिका भित्र यसको प्रबर्द्धन गर्न पहलकदमी तथा अन्तरनिकायगत समन्वय र सहकार्यलाई विशेष जोड दिइनेछ ।

ऋषिकेशव बुढा मगर
अध्यक्ष

थवाङ गाउँपालिकाको कार्यालय
थवाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

२४. पशुमा लाग्न सक्ने महामारी, मौसमी रोग लगायतको रोकथामको लागि पशु स्वास्थ्यकर्मीहरूको परिचालन र समन्वयलाई थप व्यवस्थित गरिनेछ । पशुमा हुने लगानी तथा अनुदानमा कृषकहरूको उचित लागत सहभागिता सुनिश्चित गरिनेछ ।

२५. नयाँ तथा उन्नत जातका पशु चौपायाको विकास र उत्पादनलाई बढाउन पशु सम्बन्धी तालिम, अध्ययन भ्रमण, अवलोकन लगायत अन्य उपयुक्त विधिहरुको अवलम्बन गरिनेछ । अन्य पालिका तथा निकायमा भईरहेको असल अभ्यास समेतको आधारमा पशु सम्बन्धी थप व्यवस्थापकीय कार्यहरू गरिनेछ ।

२६. पशु नश्लमा सुधार: आयआर्जनको आधार भन्ने नाराका साथ पशुपालनमा नश्ल सुधार गरी उत्पादन र उत्पादकत्व बढाउन विशेष अभियान सञ्चालन गरिनेछ ।

२७. पालिकाभित्र परम्परागत रूपमा गरिदै आएका भेडा, सुगुर, कुखुरा लगायतका कृषि पालनलाई संगठित र व्यवसायिक स्तरमा वृद्धि र विस्तार गर्न प्रोत्साहन कार्यक्रम लागु गरिनेछ ।

२८. स्थानीय सीप, श्रम, पुँजी र प्रविधिको व्यवसायिकरणमा थप जोड दिइनेछ । सीप विकास तथा स्वरोजगार प्रवर्द्धन सम्बन्धि कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न थप अध्ययन गरिनेछ । सीप विकास सम्बन्धि सञ्चालित तालिमको प्रभाव अध्ययन गरिनेछ । सीपयुक्त जनशक्तिको उत्पादन र प्रवर्द्धनको लागि अन्तरनिकायसंगको समन्वयलाई विशेष जोड दिइनेछ । स्थानीय परिवेश र अनुकुलनको आधारमा स्वरोजगार सम्बन्धी नीति तथा कार्यक्रम तय गरिनेछ ।

२९. स्वरोजगारीको सिर्जना: आयआर्जनको दिगोपना भन्ने मुल नाराका साथ पालिकाबासीको स्वरोजगारी र स्वाबलम्बन बानीको विकासका लागि लक्षित कार्यक्रम तथा अभियान सञ्चालन गरिनेछ ।

३०. थवाङ गाउँपालिकाबाट बाहिर निर्यात हुन सक्ने र आर्थिक गतिविधिलाई चलायमान बनाउन सक्ने पक्षहरूको थप अध्ययन गरी तिनीहरूको प्रवर्द्धन मार्फत व्यवसायिकरणको लागि जोड दिइनेछ । तुलनात्मक लाभका क्षेत्रहरूको पहिचान, विकास र विस्तार गर्न जोड दिइनेछ ।

सभाका सदस्यहरु,

ऋषिकेशव बुढा मगर
अध्यक्ष

३१. जलजला, जन्तरे, ढोक्का लगायतका क्षेत्रहरूको पर्यटकीय आकर्षण बढाइ आर्थिक गतिविधि चलायमान बनाइनेछ । युद्ध सङ्ग्राहलय, शहिद स्मृति सङ्ग्राहालय, शहिद स्मृति पार्क लगायतका ऐतिहासिक महत्वका क्षेत्रहरूको विकास र विस्तार गरी पर्यटकलाई आकर्षित गर्न यस क्षेत्रलाई थप पुनर्निर्माण गरिनेछ । चालाबाङलाई एकिकृत बृहत कृषि क्षेत्रको रूपमा विकास गरी कृषि पर्यटनलाई बढाइनेछ । बाहिरबाट कृषि सम्बन्धि अध्ययन अवलोकन तथा सिकाई गर्न आउने आगन्तुकका लागि चालाबाङलाई विशेष क्षेत्रको रूपमा विकास र विस्तारको लागि जोड दिइनेछ ।

३२. थबाङको आत्मविश्वास: जलजलाको चौतर्फि विकास भन्ने अभियान सहित जलजलाको विकास प्रचारप्रसार एवम जलजलाको फोहोरमैलाको व्यवस्थापन सम्बन्धि विशेष अभियान सञ्चालन गरिनेछ ।

३३. वैदेशिक रोजागारीको क्षेत्रलाई थप व्यवस्थित, भरपर्दो र सुरक्षित बनाइनेछ । वैदेशिक रोजगारीका लागि आवश्यक सीपको विकास र विस्तारका लागि थप कार्यक्रमहरू सञ्चालन गरिनेछ । तालिम, अध्ययन लगायतका सीप विकास सम्बन्धि विभिन्न पक्षहरूको सञ्चालन गरिनेछ । तीन तहको सरकार तथा अन्तर्राष्ट्रिय संघ संस्था र सरकारको संयुक्त प्रयासमा सीप विकास सम्बन्धि तालिम तथा कार्यक्रमहरूको सञ्चालन गरिनेछ । वैदेशिक रोजगारीबाट फर्केका नागरिकको सीप तथा अनुभवलाई रोजगारी सिर्जनाका क्षेत्रमा प्रयोगका लागि थप व्यवस्थापकीय कार्यहरू गरिनेछ ।

३४. स्थानीय स्तरमा रोजगारीका अवसरहरूको सिर्जना, सीप विकास, स्वरोजगारको प्रवर्द्धन एवम व्यवस्थापनका लागि अन्तरक्रिया, तालिम तथा अवलोकन विधिलाई अंगिकार गरिनेछ ।

३५. महिलाहरूको साथि: आत्मविश्वास सबैभन्दा माथि भन्ने मुल नाराका साथ महिलाहरूको क्षमता विकास एवम सकारात्मक सोचको अभिवृद्धिका लागि प्रवर्दनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३६. सेवा प्रवाहको लागि आवश्यक जनशक्तिको विकास गरी गुणस्तरीय सेवा प्रवाह गर्न थप जोड दिइनेछ । जिम्मेवारी र जवाफदेहिता सहितको सेवा प्रवाहलाई विशेष जोड दिइनेछ । पालिकाबाट प्रवाह हुने सेवाको लागि आवश्यकता अनुसार टोकन तथा टाइम कार्ड प्रणाली

ऋषिकेशव बुढा मगर
अध्यक्ष

लागु गरिनेछ । पालिकाको अभिलेखीकरणलाई विधूतीय तथा कागजी रूपमा थप सुरक्षित भरपर्दो र व्यवस्थित गरिनेछ ।

३७. पालिकाबाट प्रवाह हुने सेवालाई थप व्यवस्थित, वष्तुनिष्ठ र जिम्मेवार एवम जवाफदेहि बनाउन अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख लगायत अन्य कर्मचारीबीच हुने कार्यसम्पादन मूल्यांकनलाई थप व्यवस्थित र वैज्ञानिक ढंगले मापनयोग्य हुने गरी निर्धारण गरिनेछ ।

३८. विकास निर्माणका कार्यक्रमहरूमा विशेष गरी विपन्न र युवा वर्ग लगायतका मानव संशाधन अधिकतम परिचालन गरी रोजगार सिर्जना गर्ने नीति अबलम्बन गरिनेछ ।

३९. पालिकाभित्र क्रियाशिल सहकारी संघ संस्थाको नियमन, परिचालन एवम व्यवस्थापनको लागि आवश्यक कार्यहरू गरिनेछ । सहकारी संघ संस्थाको क्षमता विकास एवम दिगो परिचालनको लागि आवश्यक तालिम लगायतका अवसरहरूको उपलब्धताको लागि व्यवस्थापन गरिनेछ । आर्थिक विकासका सबै क्षेत्रमा सहाकारी, निजी क्षेत्र लगायत अन्य सम्बन्धित पक्षहरूसंग सहकार्य गरिनेछ ।

## सामाजिक विकासतर्फ

सभाका सदस्यहरु,

४०. शिक्षा क्षेत्रको विकासको लागि सबै पक्षको सकारात्मक सहयोग लिइनेछ । थबाङ गाउँपालिकाको शिक्षा क्षेत्रको गुणस्तरीयता एवम नतिजालाई वास्तविकतामा आधारित बनाउन वर्ष २०८१ लाई थबाङ गाउँपालिकाको शिक्षा क्षेत्रका लागि ***थबाङ शैक्षीक सुधार वर्ष २०८१*** को रूपमा सञ्चालन गरिनेछ । कक्षाकोठा र विद्यार्थीको सिकाइलाई एक आपसमा जोडि नतिजालाई परिणाममुखी बनाउन शैक्षीक सुधारका लागि शिक्षक विद्यार्थी अभिभावक एवम विद्यालयमा गर्न सकिने सुधारलाई विशेष जोड दिइनेछ । परिणामका आधारमा पुरस्कृत गरि प्रोत्साहन गरिनेछ ।

४१. थबाङ गाउँपालिका भित्रका जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र राजनीतिक दलका सन्ततिलाई अनिवार्य रूपमा सामुदायिक विद्यालयमा भर्ना गरी पठनपाठन गर्ने गराउने गरी नीतिगत व्यवस्था गरिनेछ ।

ऋषिकेशव बुढा मगर
अध्यक्ष

४२.	गाउँपालिकाबाट अनुदानमा अध्यापनरत शिक्षकहरूको सेवा सुविधामा समसामयिक सुधार तथा परिमार्जन गर्न अध्ययन गरी स्रोत साधनको उपलब्धता अनुसार आवश्यक व्यवस्था गरिनेछ । विद्यालय र विद्यालयसंग सम्बन्धित सरोकारवालाको क्षमता विकास सम्बन्धि कार्यक्रमहरू सञ्चालन गरी गुणस्तरिय शिक्षाको सुनिश्चितता गरिनेछ । शिक्षक विद्यार्थीको अनुपात मिलाई शिक्षक र विद्यार्थी संख्याको आधारमा प्रविधिमैत्री कक्षा सञ्चालनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

४३.	विद्यालयमा अतिरिक्त क्रियाकलाप लगायत विद्यार्थीको क्षमता विकास सम्बन्धी कार्यहरू अनिवार्य गरी सामाजिक उत्तरदायित्वको विकास गर्न आवश्यक व्यवस्था गरिनेछ । *थबाङ गाउँपालिको शैक्षिक सुधार कार्ययोजना २०८१* लाई अक्षरश पालना गरिनेछ ।

४४.	थबाङ गाउँपालिकाभित्र विद्यमान रहेको गणित, विज्ञान, अंग्रेजी लगायतका शिक्षकहरूको अभावलाई पुर्ति गर्न उपयुक्त रणनीति अवलम्बन गरिनेछ । अंग्रेजी, गणित तथा विज्ञानका विषय लिई उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक अभ्यास गर्न थबाङ गाउँपालिका भित्रका विद्यायहरूमा स्थान दिई शैक्षिक अभ्यास कर्मको रूपमा सञ्चालन गरिनेछ ।

४५.	विद्यालय शिक्षा भन्दा बाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना गरी सबै बालबालिकालाई आधारभूत शिक्षा प्राप्त हुने सुनिश्चिता गरिनेछ । बालमैत्री स्थानीय तहको अवधारणा अनुसार स्थानीय नीति एवम कार्ययोजना निर्माण गरी बालमैत्री स्थानीय तह घोषणाको लागि पूर्वाधार तयार गरिनेछ ।

४६.	लोकसेवा आयोग, शिक्षक सेवा आयोग लगायत अन्य प्रतिस्पर्धात्मक परीक्षाको तयारी कक्षाका लागि मापदण्ड बमोजिम उम्मेदवार छनोट गरी छात्रवृत्ति कार्यक्रम लागु गरिनेछ ।

४७.	द्वन्दका क्रममा घाइते भएका र शहिद तथा बेपत्ता परिवारको व्यवस्थित अभिलेख तयार गरी उनीहरूको आयआर्जनमा टेवा पुग्ने गरी सीपमूलक तालिम तथा अभिमुखीकरण कार्यक्रम आगामी आर्थिक वर्षदेखि सञ्चालन गरिनेछ ।

४८.	नेपाल सरकारद्वारा सुनौलो हजार दिनभित्रका बालबालिका तथा आमा लगायत सम्बद्ध सबैको स्वास्थ्य क्षेत्रको विकासका लागि निर्धारित सम्पूर्ण मापदण्डहरू पालना तथा पूर्णताका लागि स्वास्थ्य क्षेत्रलाई विशेष अभियानका रूपमा सञ्चालन गरिनेछ । सम्पूर्ण स्वास्थ्य संस्थालाई वर्थिङ सेन्टरको रूपमा विकास र विस्तार गरि गुणस्तरिय सेवा उपलब्ध गराउन सम्भव भएसम्म सबै प्रयासहरू गरिनेछ । स्वास्थ्यकर्मीको क्षमता विकासका लागि उपलब्ध

ऋषिकेशव बुढा मगर
अध्यक्ष

थवाङ गाउँपालिकाको कार्यालय
थवाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

तालिम, अध्ययन भ्रमण लगायतका अवसरहरूमा समानुपातिक र समावेशी सिद्धान्तका आधारमा सहभागिता गराइनेछ ।

४९. पालिकाभित्रका सम्पूर्ण कार्यालयहरूमा स्तनपान कक्ष लगायतका पूर्वाधारहरूको विकास र विस्तार गरिनेछ । बालबालिका महिला तथा अन्य संवेदनशिल समूहका स्वास्थ्यको प्रवर्द्धनका लागि विशेष रणनीति अवलम्बन गरिनेछ ।

५०. अपांगता भएका व्यक्तिलाई सम्मानपूर्ण जीवनयापनको सुनिश्चितताको लागि अपाङ्गता विशेष कार्यक्रम सञ्चालन गरिनेछ । पालिकामा बन्ने संरचनाहरू अपांगमैत्री तथा लैंगिकमैत्री हिसाबले विश्लेषण गरी निर्माण गरिनेछ । अपांगता भएका समूहका लागि जीवनयापनलाई सहज बनाउन तथा महिलाका लागि स्वरोजगारीको प्रवर्द्धन गर्न तालिम तथा प्रविधि हस्तान्तरणको रणनीति अबलम्बन गरिनेछ ।

५१. द्वन्दका क्रममा घाइते, अपाङ्ग भएका एवम शहिद तथा बेपत्ता परिवारका लागि स्वास्थ्य बिमा गरिनेछ । पालिकाको आधारभूत अस्पतालमा पहुँचयोग्य र सुलभ उपचारको व्यवस्था गरिनेछ ।

५२. अपाङ्गहरुको सञ्जाल: तालिम र आत्मविश्वासको कमाल भन्ने मूल नाराका साथ अपाङ्गहरूलाई तालिम लगायत अन्य क्षमता विकासका अभियान सञ्चालन गरिनेछ ।

५३. आवधिक योजना र वार्षिक योजना तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासका लागि रणनीति, कार्यक्रम र मापनयोग्य उपलब्धि लक्ष्य समावेश गरिनेछ ।

सभाका सदस्यहरु,

५४. पालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण गर्दा महिला बालबालिका तथा वञ्चितिकरणमा परेको समूहको अवस्था विश्लेषणको आधारमा सो समूहको लागि प्रत्यक्ष फाइदा पुग्ने गरी कुल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याइने छ । पालिकाद्वारा आफ्ना नीति, कानून, योजना जारी गर्नुभन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा गरिनेछ ।

५५. लैङ्गिक हिंसा, महिला सीप विकास, नेतृत्व विकास र क्षमता अभिवृद्धि जस्ता विषयहरूमा स्रोत व्यवस्थापन गर्नका लागि कोष स्थापना गरिनेछ । लैङ्गिक डेस्कको विकास र आवश्यक मानवीय स्रोतहरूको लागि बजेट व्यवस्था गरिनेछ ।

ऋषिकेशव बुढा मगर
अध्यक्ष

५६. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको कार्ययोजना र संयुक्त राष्ट्र संघीय सुरक्षा परिषद बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानवअधिकार कार्ययोजना तथा छुवाछुत विरुद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन तथा कार्यान्वयन गरिनेछ ।

५७. लैससास विकासका लागि विभिन्न सरोकारवाला निकायहरूबीच समन्वय गरी लैससास सम्बन्धि क्षमता विकास तालिम सञ्चालन तथा व्यवस्थापन गरिनेछ । ग्रामिण महिला प्राविधिक र समाजिक परिचालक तयार गरिनेछ ।

५८. वेइजिङ घोषणापत्रको १२ वटा कार्यक्रम तय गरी कार्यान्वयन गरिनेछ । संयुक्त राष्ट्र संघीय बाल अधिकार महासन्धि १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरूमा बजेट विनियोजन गरिनेछ ।

५९. थबाङ पालिकाबासी महिलाहरूको पहिलो शर्त: वित्तीय साक्षरता र प्रविधिको अर्थ भन्ने सोच सहित महिलाहरूको बचत गर्ने बानीको विकास कृषिको उत्पादन र उत्पाकत्वको वृद्धि एवम समय व्यवस्थापन सम्बन्धी वित्तीय साक्षरता र प्रविधिको सम्बन्धमा अभिमुखीकरण अभियान सञ्चालनका लागि गैर सरकारी संघ संस्थासंग सहकार्य र समन्वय गरिनेछ ।

६०. स्थानीय तहका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका समेत जनप्रतिनिधि र कर्मचारीलाई कानूनी साक्षरता अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ । महिला विकास सम्बन्धमा भएको बेइजिङ घोषणापत्रका १२ ओटा प्रतिबद्धता पत्रका बारेमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

६१. महिला विकास सम्बन्धमा भएको बेइजिङ घोषणापत्रका १२ ओटा प्रतिबद्धता पत्रका बारेमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ । लैससास परीक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयका लागि पर्याप्त बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश गरिनेछ ।

६२. थबाङका महिला: आयआर्जनमा पहिला भन्ने नाराका साथ महिलाहरूको आयआर्जनको विकास र दिगोपनाको लागि तालिम अभियान लगातका गतिविधिहरू सञ्चालन गरिनेछ ।

ऋषिकेशव बुढा मगर
अध्यक्ष

थवाङ गाउँपालिकाको कार्यालय
थवाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

६३. स्थानीय सरकारको कर्मचारीहरूको पदपूर्तिको निर्णय गर्दा समावेशी सिद्धान्त अवलम्बन गरिनेछ ।

६४. उपाध्यक्षको कोसेली: सुत्केरीको खुसियाली भन्ने मूल नाराका साथ सुनौला हजार दिनभित्रका सुत्केरीहरूलाई सुत्केरी उपहार स्वरुप सहायता उपलब्ध गराइनेछ ।

सभाका सदस्यहरु,

६५. सामाजिक, आर्थिक, साँस्कृतिक तथा प्राज्ञिक एवम अन्य अन्तरसम्बन्धित विषयक्षेत्रप्रति नागरिकको सकारात्मक धारणाको विकास गरी सार्वजनिक सम्पत्तिको संरक्षण र समुचित उपयोगको लागि नागरिकमा चेतनाको विकासका लागि कार्यहरू गरिनेछ । राज्यको प्रणाली र सार्वजनिक प्रशासनतर्फ नागरिकको आकर्षण बढाउन अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६६. गाउँपालिकालाई मगरात सभ्यता विकासको मूल थलोको रूपमा स्थापित गरी पालिकाभित्र विशेष रूपमा मनाइने माघ, नाम्क, जलजला पुजा तथा १२ भाइ बराह र २२ बहिनी बज्यू बारे खोज अनुसन्धान तथा डकुमेन्टेसन गरिनेछ ।

६७. नागरिकको चेतना र मनस्थितिको रूपान्तरण मार्फत व्यक्ति, समाज र राष्ट्रप्रतिको कर्तव्य र दायित्वबोध गर्न सक्ने गरी नैतिक चेतनाको विकास गरी राष्ट्रनिर्माणमा सहयोग पुग्ने खालका गतिविधि सञ्चालन गरिनेछ ।

६८. बालबालिका, युवा, प्रौढ तथा अनौपचारिक शिक्षा मार्फत साक्षरता बढाउन एवम पठन संस्कृतिको विकास गरी सामाजिक साँस्कृतिक रुपान्तरणलाई सघाउन अध्ययन गरी ठाउँठाउँमा पुस्तकालय स्थापना गरिनेछ ।

६९. खेल र खेलकुद गतिविधि मार्फत व्यक्ति, परिवार, समाज अनि राष्ट्रलाई एक अर्कासंग एकिकृत रूपमा जोड्न तथा पालिकाको प्रतिष्ठा एवम गरिमालाई उच्च राख्न ठाउँठाउँमा खेलकुद मैदानको विकास र विस्तार गरिनेछ । २०८१ सालको जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता थबाङ गाउँपालिकामा सञ्चालन गरिनेछ । जिल्ला स्तरीय राष्ट्रपति शिल्ड प्रतियोगितामामा स्वर्ण पदक जित्ने खेलाडिलाई पालिकाबाट विशेष प्रोत्साहन गरिनेछ ।

## पूर्वाधार विकासतर्फ

सभाका सदस्यहरु,

ऋषिकेशव बुढा मगर
अध्यक्ष

७०. पालिका भित्र रहेका खोलाहरूमा अप्ठेरो ठाउँ तथा दुरीका हिसाबले उपयुक्त ठाउँहरूमा झोलुङ्गे पुल निर्माण गरी जनतलालाई छिटो छरिटो र भरपर्दो सेवा प्रवाह गर्न पालिकाभित्र झोलुङ्गे पुलको निर्माणलाई तिव्रता दिइनेछ ।

७१. गाउँपालिकाभित्र खोलिएका बाटोका ट्र्याकहरूको स्नरोन्नतिको लागि कामहरू गरिनेछ । जथाभावि र विना अध्ययन बाटोघाटो तथा अन्य निर्माणका कार्यहरू गरिनेछैन । बाह्रै महिना बाटोघाटोको निर्वाध सञ्चालनका लागि आवश्यक कार्यहरू गरिनेछ । थवाङ गाउँपालिकाको सडक गुरुयोजना निर्माण गरी उक्त गुरुयोजनाले तोकेको सडकको क्षेत्राधिकार अनुसार नक्सा पास लगायतका कार्यहरू गर्ने व्यवस्था मिलाइनेछ । आवश्यक्ता र औचित्यताका आधारमा मात्र भवनहरूको निर्माण गरिनेछ । निर्माण सम्पन्न भई विना प्रयोग रहेका भवन तथा अन्य संरचनाहरूको यथाशिघ्र सञ्चालन तथा प्रयोगका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । भूकम्प प्रतिरोधि संरचना निर्माणको लागि जनचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।

७२. खानेपानीको सुविधा प्राप्त गर्न बाँकी नागरिकको सर्वसुलभ तथा गुणस्तरीय खानेपानीको अधिकारको सुनिश्चितताको लागि खानेपानीको निर्माण र विस्तारका लागि अध्ययन गरी उपलब्ध स्रोत र साधनको समन्यायिक वितरण गरिनेछ ।

७३. छरिएर रहेका बस्तीहरूमा सेवा सुविधा पुऱ्याउँदा लाग्ने लागत खर्च घटाउन र व्यवस्थित तथा द्रुततर विकासका लागि एकिकृत बस्ति विकासको अवधारणा कार्यान्वयन गरिनेछ । बस्ति विकासको योजना बनाउँदा मौलिक संस्कृति, सभ्यता, स्वरुप र पहिचानलाई विशेष ध्यान दिइनेछ ।

७४. गाउँपालिकाभित्रका सबै क्षेत्रमा केन्द्रीय लाइनको विस्तार मार्फत विद्युतिकरणको लागि सम्वद्ध निकायसंग पहल र समन्वय गरिनेछ । भौगोलिक विकटताको आधारमा साना तथा समुदायमा आधारित विद्युत परियोजनाहरूको निर्माण र विस्तारलाई जोड दिइनेछ ।

७५. गाउँपालिकाभित्रका सबै क्षेत्रमा बाह्रै महिना विना अवरोध सञ्चार तथा इन्टरनेटको पहुँच र विस्तारका लागि उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा विस्तार गरिनेछ । थवाङ गाउँपालिको मुख्य बजार क्षेत्रमा हुन सक्ने अपराध एवम चोरी डकैति आदि रोक्न आवश्यक व्यवस्थापकीय कार्य गरिनेछ ।

थवाङ गाउँपालिकाको कार्यालय
थवाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

७६. उपलब्ध पानीको स्रोत र सम्भाव्यताका आधारमा सिँचाईको सुविधाको उपलब्धताका लागि परियोजनाहरूको निर्माण र सञ्चालनलाई विशेष जोड दिइनेछ । निर्माण सम्पन्न भई कार्यान्वयनमा रहेका सिँचाई संरचनाहरूको मेन्टेनेन्सका लागि विशेष ध्यान दिइनेछ ।

७७. गाउँपालिका भित्रका जमिन तथा भुमिको वर्गीकरण गरी भुगोल सुहाउँदो र प्रकृतिमैत्री विकास र विस्तारका लागि गाउँपालिकाको भु उपयोग योजना निर्माण गरी लागु गरिनेछ । जमिनको जथाभावि प्रयोग र खण्डिकरणलाई निरुत्साहित गरिनेछ ।

७८. नेपाल सरकारले कार्यान्वयनमा ल्याएको भवन संहिता तथा भवन निर्माण सम्बन्धी मापदण्ड अक्षरश पालना गरि भवनहरूको निर्माण तथा सञ्चालनका लागि अध्ययन गरी भवनको निर्माणका लागि अनुमति दिइनेछ । भवनहरूको मौलिकता जोगाउनका लागि अध्ययन टोलिको निर्माण गरी प्राप्त सुझावका आधारमा कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । भूकम्प प्रतिरोधि संरचना निर्माणको सम्बन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

## वन वातावरण तथा विपद व्यवस्थापनतर्फ

सभाका सदस्यहरु,

७९. वन तथा वनजंगलको जथाभावि विनाश रोक्न वनमा लाग्ने डढेलोको नियन्त्रणका लागि वन जंगलमा आगो लगाउने तथा पर्यावरणलाई असर गर्ने गतिविधिको निगरानी गरिनेछ । उपलब्ध बारुणयन्त्र तथा अग्नि नियन्त्रक यन्त्रहरूको प्रयोग समबन्धी कार्ययोजना बनाई त्यसको परिचालन सम्बन्धी विशेष योजना निर्माण गरिनेछ ।

८०. बाढी, पहिरो, भूक्षय लगायत अन्य प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेका वस्तीहरूको स्थानान्तरण सम्बन्धी सम्भाव्यताको अध्ययन गरिनेछ । छरिएर रहेका वस्तीहरूमा सेवा सुविधा पुऱ्याउँदा लाग्ने लागत कम गराउन एकिकृत वस्ती विकास सम्बन्धी अवधारणा बमोजिम कार्यहरू गरिनेछ । बाढी पहिरो भूक्षय जल प्रकोप लगायतका विपदबाट हुन सक्ने क्षतिको न्यूनिकरण गर्न आवश्यक पूर्वाधारहरूको निर्माण एवम स्तरीकरण गरिनेछ ।

८१. प्राकृतिक स्रोतको जथाभावि दोहन रोक्न तथा वातावरणको प्रदुषण कम गर्न वृक्षारोपण, प्रदुषण नियन्त्रण लगायतका कार्यहरू गरिनेछ । फोहोरमैला व्यवस्थापनका लागि

ऋषिकेश बुढा मगर
अध्यक्ष

बनिसकेका संरचनाहरूको प्रयोग र, विस्तारका लागि विशेष कार्ययोजना निर्माण गरी सञ्चालनमा ल्याउन आवश्यक कार्य गरिनेछ ।

८२. प्राकृतिक रूपमा पाइने जडिबुटी लगायतका बहुमुल्य पदार्थहरूको अव्यवस्थित दोहनको अन्त गरी संरक्षण र दीगो व्यवस्थापन गर्दै व्यवसायिक खेतीको प्रवर्द्धन गर्ने प्रयोजनका लागि बिउ, बिरुवा, प्राविधिक सहयोग लगायतका विषयहरूमा व्यवस्थापकीय सहयोग गरिनेछ ।

८३. वातवारणमैत्री तथा प्रकृतिमैत्री विकासलाई विशेष जोड दिइनेछ । विपदबाट आइपर्न सक्ने सम्भाव्य जोखिमको न्युनिकरण गर्न विपद पूर्व कार्ययोजना बनाई विपद पूर्व सूचना केन्द्रको निर्माण तथा विपदको न्यूनिकरणका लागि कार्य गरिनेछ । विकास निर्माण लगायत अन्य कार्यहरूमा जलवायु अनुकुलनका नीतिहरूको अक्षरश पालना गरिनेछ । वातावरण संरक्षण र दिगो विकासको अवधारणलाई आत्मसात गरी कार्यसञ्चालन गरिनेछ । सहस्राब्दि विकास लक्ष्य, दिगो विकास लगायतका अन्तर्राष्ट्रिय अन्तरसम्बन्धित अवधारणाहरूको स्थानीयकरण गरिनेछ ।

८४. गाउँपालिकाभित्र हुने विकासका कार्यहरुको निर्माण तथा विस्तार एवम स्तरीकरण लगायतको कार्यहरू गर्दा लैंगिक समानता तथा सामाजिक समावेशीकरण, दिगो विकास, सहस्राब्दि विकास लक्ष्य लगायतका अन्तरसम्बन्धित विषयका दृष्टिकोणले समेत अध्ययन तथा विश्लेषण गरी गरिनेछ ।

## सुशासन तथा संस्थागत व्यवस्थापनतर्फ

सभाका सदस्यहरु,

८५. पालिकाका गतिविधि तथा सेवा प्रवाहका दौरान नैतिकता, पारदर्शिता, इमान्दारिता, जवाफदेहिता एवम निष्पक्षताको मूल्य मान्यतालाई प्रवर्द्धन गरिनेछ । भ्रष्टाचार तथा अनैतिक गतिविधिको अन्त्य र नियन्त्रणका लागि शुन्य सहनशिलताको नीति अंगिकार गरिनेछ ।

८६. आन्तरिक नियन्त्रण प्रणाली बमोजिम आफ्नो कार्यविवरण तथा तोकिएको जिम्मेवारीका आधारमा सेवा प्रवाहलाई विशेष जोड दिइनेछ । पालिकाबाट सञ्चालन हुने विकास निर्माण तथा अन्य कार्यहरूमा सम्बन्धित सबै पक्षहरूको समानुपातिक र समावेशी सहभागिताको सुनिश्चितता गरिनेछ ।

ऋषिकेशव बुढा मगर
अध्यक्ष

८७. पालिकाबाट हुने सम्पूर्ण गतिविधिहरूको दक्षता र प्रभावकारिताको मापन गरिनेछ । कानून बमोजिम तथा स्थापित मूल्य र मान्यताको पालना गरेर मात्र सेवा प्रवाह तथा अन्य गतिविधिहरू सञ्चालन गरिनेछ । व्यवस्थापकीय गतिविधि तथा कानूनको निर्माण गर्दा स्थापित मूल्य र मान्यताको पालना गरिनेछ ।

८८. न्यायिक समितिलाई थप व्यवस्थित तरिकाले व्यवस्थापन एवम सञ्चालन गरिनेछ । जनप्रतिनिधि, न्यायिक समिति, मेलमिलाप कर्ता लगायत अन्य सम्बन्धित पक्षलाई क्षमता अभिवृद्धिका लागि तालिम तथा अन्य आवश्यक प्रबन्ध गरिनेछ । न्यायिक समितिबाट हुने कार्यसम्पादनलाई छिटो छरितो तथा अनुमानयोग्य बनाइनेछ ।

८९. पालिकाभित्रका युवालाई सीप विकास, वित्तीय साक्षरता तथा उद्यमशीलता सम्बन्धि अभिमुखीकरण तथा तालिममार्फत आर्थिक सामाजिक जीवनका सबै क्षेत्रमा महत्वपूर्ण संवाहकका रूपमा विकास गरिनेछ ।

९०. पालिकाको त्रिवर्षीय क्षमता विकास योजना बमोजिम जनप्रतिनिधि, कर्मचारी लगायत अन्य सरोकारवालाको क्षमता अभिवृद्धि सम्बन्धि कार्यहरू गरि संस्थागत सुशासनलाई बढावा दिइनेछ । पालिका अन्तर्गतका कार्यालयहरूमा विद्युतीय हाजिरी को व्यवस्था गरी कार्यसम्पादनलाई थप चुस्तदुरुस्त गरिनेछ ।

९१. लागु औषध दुर्व्यसन, सामाजिक अपराध, जुवा तास लगायतका मानसिक चिन्ता, मनोरोग, आत्महत्या जस्ता सामाजिक अपराधको न्युनिकरण गर्न प्रवर्द्धनात्मक क्रियाकलापलाई प्राथमिकताका साथ समुदायमा सञ्चालन गरिनेछ ।

९२. अन्य पालिकाको असल अभ्यास समेतको अध्ययन गरी पालिका भित्रका विद्यालय, पूर्वाधार निर्माण, सामाजिक साँस्कृतिक रूपान्तरण, पर्यटकीय गन्तव्यको पहिचान लगायतका क्षेत्रलाई प्रवर्द्धन गरिनेछ ।

सभाका सदस्यहरु,

९३. <u>सुशासनको चाहना: क्षमता विकास र प्रविधिमा दिगोपना</u> भन्ने मुल नाराका साथ त्रीवर्षीय क्षमता विकास योजनाको अक्षरश पालना गरी कार्यान्वयन गरिनेछ ।

९४.	पालिकाभित्र हुने सामाजिक विकृति तथा शोषण, दाइजो, महिला हिंसा, बालबालिका माथिको दुर्व्यवहार, मानव बेचविखन, छुवाछुत, बलात्कार, बोक्सी, झाँक्री लगायतका समस्या नियन्त्रण गर्न कानूनी व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।

९५.	आर्थिक, सामाजिक, भौतिक लगायत अन्य अन्तरसम्बन्धित पक्षहरूको विश्लेषण गरी प्राथमिकता प्राप्त योजना तथा कार्यक्रमहरूमा स्रोतको सुनिश्चिता हुने वातावरण सुनिश्चित गरिनेछ । पालिकाभित्र क्रियाशिल गैर सरकारी संघ संस्था लगायत अन्य साझेदार निकायसंग समन्वय र साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

९६.	राजश्व परामर्श समितिले अनुमान गरेका राजश्वका स्रोतरहरुबाट राजश्व संकलनका लागि आवश्यक नीतिगत तथा कानूनी एवम व्यवस्थापकीय कार्यहरू गरिनेछ । राजश्वका दृष्टिकोणले महत्वपूर्ण सम्पूर्ण क्षेत्रहरूलाई करको दायरामा ल्याइनेछ ।

९७.	पालिकामा प्राप्त हुने गुनासा उजुरीको प्रभावकारी सम्बोधन गरी सुशासनको प्रत्याभूति गरिनेछ । एकिकृत रूपमा घुम्ति सेवाको सञ्चालनका लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।

९८.	<u>दिगो योजनाको आवश्यकता: उपभोक्ताहरूको साक्षरता</u> भन्ने मूल नारा सहित उपभोक्ता समिति लगायतका अन्य समूहबाट सञ्चालन गरिने योजना तथा कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा अभिमुखीकरण अभियान सञ्चालन गरिनेछ ।

९९.	पालिकामा हुने खरिदको कार्यलाई थप व्यवस्थित, भरपर्दो र अनुमानयोग्य बनाइनेछ । योजना तथा कार्यक्रमको गुणस्तरीय कार्यान्वयनका लागि विशेष जोड दिइनेछ । प्रतिस्पर्धात्मक भावनाको विकास गरी लागत एवम गुणस्तरको सुनिश्चिता गरिनेछ ।

१००.	लेखाप्रणालीको व्यवस्थापन एवम भुक्तानीको सम्बन्धमा विद्यमान प्रणालीको सुढृदिकरणको लागि थप जोड दिइनेछ । बेरुजुको न्युनिकरण तथा कायम भएको बेरुजुको फछ्यौंटको सम्बन्धमा तत्काल सम्परीक्षण एवम अन्य नीतिगत कार्यहरू गरिनेछ ।

सभाका सदस्यहरु,

१०१.	पालिकाको सबै अवयवहरुमा समानुपातिक समावेशी सिद्धान्तको अवधारणा अबलम्बन गरिनेछ । महिला प्रमुख भएका योजना, कार्यक्रम तथा अन्य सम्बन्धित विषयहरूको दर्ता लगायतका सवालमा छुटको व्यवस्था गरिनेछ ।

ऋषिकेशव बुढा मगर
अध्यक्ष

थवाङ गाउँपालिकाको कार्यालय
थवाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

१०२. वातावरण संरक्षण तथा खुला हरियाली क्षेत्रको प्रवर्द्धन गरिनेछ । अन्तरपालिका स्तरीय योजना तथा कार्यक्रमहरू सञ्चालन गरिनेछ । अन्य पालिकासंग साझेदारीका साझा विन्दुहरूको खोजि गरी आपसी सहकार्यलाई थप बलियो र व्यवस्थित गरिनेछ ।

१०३. भौगोलिक सूचना प्रणालीमा आधारित रही स्थानगत आधारमा योजना तथा कार्यक्रमहरू तय गरिनेछ ।

१०४. पालिकाभित्रका स्थानीय उत्पादन तथा प्राकृतिक स्रोतको ब्रान्डिङ गरी पालिका बाहिर निर्यात गरी आर्थिक उपार्जनका लागि नीतिगत एवम व्यवस्थापकीय कार्यहरू गरिनेछ ।

१०५. जलवायु परिवर्तनको वर्तमान अवस्थामा कृषि तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता, जलस्रोत तथा उर्जा, स्वास्थ्य खानेपानी सरसफाई, जलवायुजन्य प्रकोप न्यूनिकरण तथा विपद जोखिम व्यवस्थापन, स्थानीय ग्रामीण तथा सहरी बस्ती, उद्योग यातायात तथा भौतिक पूर्वाधार, पर्यटन एवम प्राकृतिक तथा साँस्कृतिक सम्पदा, लैंगिक समानता तथा सामाजिक समावेशीकरण जिविकोपार्जन तथा सुशासन, जनचेतना अभिवृद्धि तथा क्षमता विश्लेषण तथा अनुगमन लगायतका विषयमा थबाङ गाउँपालिकाको पाँच वर्षे स्थानीय अनुकुलन कार्ययोजनालाई क्रमश कार्यान्वयन गर्दै लगिनेछ ।

१०६. गरिबीको अन्त्य, भोकमरीको अन्त्य, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता, स्वच्छ खानेपानी तथा सरसफाई, मर्यादित रोजगारी, औद्योगिक पूर्वाधार तथा नविन सिर्जना, असमानताको न्यूनिकरण, जलवायु परिवर्तनमा तत्काल पहल, जैविक विविधताको संरक्षण, शान्ति न्याय र सशक्त निकाय लगायतका अन्तर सम्बन्धित विषयमा लक्ष्य हासिल गर्न सामुदायिक संस्था, गैह्र सरकारी संस्था, नागरिक समाज, सहकारी तथा अन्य अनौपचारिक क्षेत्रसंग सहकार्य गरिनेछ ।

१०७. जलवायुमैत्री कृषि उत्पादन, कृषि तथा पशु बजारीकरण, उद्यमशीलता विकास तथा सहयोग, वित्तमा पहुँच, लैंगिक समानता तथा सामाजिक समावेशीकरण एवम महिलाको कार्यबोझ घटाउने लगायतका विषयमा गैह्रसरकारी संस्था, नागरिक समाज, सामुदायिक संस्थासंग सहकार्य र समन्वय गरिनेछ ।

१०८. पालिकाभित्रका खुला ठाउँहरूमा हुन सक्ने खुला दिसापिसाब एवम अन्य असभ्य गतिविधिहरूको अन्त्य गर्न आवश्यक व्यवस्थापकीय कार्यहरू गरिनेछ ।

सभाका सदस्यहरु,

ऋषिकेशव बुढा मगर
अध्यक्ष

१०९. आर्थिक वर्ष २०८१/०८२ को लागि प्रस्तावित नीति तथा कार्यक्रमले समृद्ध, सबल र न्यायपूर्ण पालिका निर्माण गर्ने हाम्रो सङ्कल्पलाई साकार पार्न महत्वपूर्ण योगदान दिनेछ भन्ने मैले विश्वास लिएको छु । यस नीति तथा कार्यक्रमको कार्यान्वयनबाट उत्पादन तथा रोजगारीमा बढोत्तरी, विकास निर्माणमा गुणस्तरीयता, गुणस्तरीय स्वास्थ्य तथा शिक्षामा पहुँच वृद्धि हुने तथा सेवा प्रवाहमा आधारभूत परिवर्तन भई जनतामा पालिकाप्रति विश्वास अभिवृद्धि हुने मैले विश्वास लिएको छु । थबाङ गाउँपालिकाबासी जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने दिशामा यो नीति तथा कार्यक्रम कोसेढुंगा सावित हुने विश्वास गर्दै यसमा सभाको पूर्ण समर्थन र कार्यान्वयनमा सबैको सक्रिय सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु ।

११०. अन्यमा राजनीतिक दल, राष्ट्र सेवक कर्मचारी तथा सुरक्षाकर्मी, मजदुर, किसान, व्यवसायी, बैङ्क वित्तीय क्षेत्र, सहकारी समुदाय, नागरिक समाज, सञ्चारकर्मी लगायत सम्पूर्ण थबाङ गाउँपालिकाबासी दाजुभाई तथा दिदीबहिनीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । थबाङको विकास र समृद्धिको लक्ष्यमा यहाँहरूको निरन्तर सहयोग प्राप्त भइरहनेछ भन्ने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद ।

ऋषिकेशव बुढा मगर
अध्यक्ष